कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश,नेपाल

सूचना प्रकाशित मिति : २०८३/०७/१२

<u>मासु पसल संचालनको लागि इजाजत पत्र लिनु पर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।।</u>

नेपाल सरकारले २०८३ भदौ १ गते नेपाल राजपत्रमा सिन्धुली जिल्लाका नगरपालिकाहरुमा मिति २०८३ माघ १ गतेबाट पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ लागु हुने गरी सूचना प्रकाशन भएको हुदा कमलामाई नगरपालिका भित्र पशु बधशाला स्थापना वा मासु विक्रि गर्ने व्यक्ति वा संस्थाले पशु बधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ५ र ८ बमोजिम तोकिएको मासु पसलको मापदण्ड पुरा गरी इजाजत पत्र लिनुहुन यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले मंसिर मसान्त भित्र कमलामाई नगरपालिका पशुपंक्षी विकास शाखामा इजाजत पत्र लिनको लागी अनुसूचि -३ बमोजिम दरखास्त फारम भरी पेश गर्नुहुन अनुरोध छ । इजाजत बिना मासु पसल संचालन गरेमा वा मासु बिक्रि वितरण गरे ऐ. ऐनको दफा १७ को उपदफा (२) बमोजिम १० हजार देखी २० हजार सम्म जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको व्यहोरा यसै सूचना साथ जानकारी गराइन्छ ।

थप जानकारीको लागी कमलामाई नगरपालिकाको पशुपंक्षी विकास शाखा
डा. रोशन कोइराला सम्पर्क नं. ९८४४१५६६४२

.....
कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत